# उद्योग तथा वाणिज्य क्षेत्रको कार्यक्रम संचालन कार्यान्वयन कार्यविधि

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

२०७८

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

प्रदेश सचिव

Contents

प्रारम्भिक ........ - 1 -

१.१) संक्षिप्त नाम र प्रारम्भः ........ - 1 -

१.२) परिभाषाः ........ - 1 -

उद्योग विकास कार्यक्रम ........ - 2 -

क. ११.१.२.२८ साझा सुविधा केन्द्रको पूर्वाधार निर्माण (भवन निर्माण) ........ - 2 -

ख. ११.१.२.४२ मुख्य-मुख्य पहाडी/हिमाली क्षेत्रका सार्वजनिक जग्गामा बजार घर निर्माण (महानगरपालिका र उपमहानगरपालिका बाहेक)(भवन निर्माण ) ........ - 3 -

ग. ११.१.२.८१ धादिङ्ग मासटारमा उद्योग उपज विक्रि केन्द्रको भौतिक पूर्वाधार निर्माण निरन्तरता (भवन निर्माण) ........ - 4 -

११.४.२२.३०० सिन्धुलीको हरिहरपुरगढीमा स्थापना हुने औद्योगिक क्षेत्रमा DPR बमोजिम नदि नियन्त्रण संरचना निर्माण (अन्य सार्वजनिक निर्माण) ११.४.२२.०३३ घोषित उद्योग ग्राम क्षेत्रमा पूर्वाधार निर्माण, मकवानपुर ११.४.२२.०३४ चितवन, ११.४.२२.०३५ धादिङ्ग, ११.४.२२.०३६ नुवाकोट, ११.४.२२.०३७ रसुवा, ११.४.२२.०३८ काभ्रेपलाञ्चोक, ११.४.२२.०३९ सिन्धुपाल्चोक, ११.४.२२.०४० दोलखा, ११.४.२२.०४१ रामेछाप, ११.४.२२.०४२ सिन्धुली ........ - 8 -

११.४.२२.८३२ जुगल क्षेत्रको उद्योग ग्राम क्षेत्रको जग्गा विकास तथा संरक्षण (अन्य सार्वजनिक निर्माण) ११.४.२२.८४७ मकवानपुरको मनहरीमा स्थापना हुने औद्योगिक क्षेत्रमा Detailed Project Report बमोजिमको पूर्वाधार निर्माण (अन्य सार्वजनिक निर्माण) ........ - 8 -

११.५.४०.७९ डाडाँकाँडावाट निर्माण सामाग्री (ढुंगा खानी) उत्खननको लागि उत्खनन् योजना स्वीकृत र जग्गा प्राप्ति (अन्य पूँजीगत अनुसन्धान तथा परामर्श) ........ - 9 -

२.५.२.१६ उद्योग निर्देशनालयको लागि विशेषज्ञ ईन्जिनियरिङ परामर्श सेवा (ईन्जिनियर)(विज्ञ र सल्लाहकार सेवा) २.५.२.१५ उद्योग निर्देशनालयको लागि विशेषज्ञ ईन्जिनियरिङ परामर्श सेवा (सब ईन्जिनियर)(विज्ञ र सल्लाहकार सेवा) ........ - 9 -

२.६.४.४९ उद्यम विकास/तालिम सहजकर्ता (तालिम संचालन सहयोग-प्रति जिल्ला ३ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार)(उद्यमशीलता, रोजगारी मुलक/ सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) ........ - 10 -

२.६.४.५० जिल्ला लघु उद्यमी संघको सहकार्यमा लघु उद्यमी विकास मोडलमा नव उद्यमी श्रृजना गर्ने (महानगरपालिका बाहेक) (उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) ........ - 11 -

२.६.४.५१ जिल्ला लघु उद्यमी संघको सहकार्यमा आवश्यकता पहिचानका आधारमा पूनर्ताजगी र स्तरोन्नती सीप विकास तालिम (उत्पादन, उत्पादकत्व, गुस्तर, पूँजी, रोजगार)(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) ........ - 11 -

२.६.६.४७ वार्षिक योजना तर्जुमा गोष्ठि (प्रदेश स्तर)(गोष्ठि तथा कार्यशाला) ........ - 12 -

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश, नेपाल हेटौंडा, मकवानपुर

प्रदेश सचिव

२.६.६.४८ प्रगति समीक्षा तथा कार्यक्रम तर्जुमा गोष्ठि (निर्देशनालयस्तर)(गोष्ठि तथा कार्यशाला)........- 12 -

२.६.६.५० जिल्लास्तरमा सरोकारवालासँग अन्तरक्रिया गोष्ठि(गोष्ठि तथा कार्यशाला)........................- 12 -

२.७.२५.१३५ वार्षिक कार्यक्रम तथा प्रगति विवरण प्रकाशन(अन्य)........................................- 12 -

२.७.२५.२१० आ.व. २०७७/७८ को प्रदेश उद्योग, व्यवसाय क्षेत्रको वस्तुस्थिति पुस्तिका प्रकाशन(पहिलो त्रैमासिक भित्र)(अन्य) ........................................................................- 13 -

२.७.२७.३९........................................................................उद्योग दिवस (मेला आयोजना तथा दिवस ) - 13 -

२.७.२७.५४.....उद्योग संघ, घरेलु तथा साना उद्योग महासंघ र स्थानीय तहसँगको सहकार्यमा औद्योगिक उपज तथा वस्तुको वजारीकरणका लागि जिल्लास्तरीय औद्योगिक मेला प्रदर्शनी (महानगरपालिका वाहिर संचालन गर्ने)(मेला आयोजना तथा दिवस )........................................................- 13 -

२.८.१.२७ दर्ता तथा नविकरण भएका उद्योगहरुको अनुगमन गरी अवस्था (उत्पादन, रोजगारी र पूँजी) देखिने प्रतिवेदन तयारी (घरेलु, साना, मझौला र ठूला उद्योग मात्र)(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च)........................................................................- 13 -

बजार अनुगमन कार्यक्रम........................................................................- 16 -

२.७.२५.१३७ रेडियोबाट बजार मूल्य सम्बन्धी सूचना सम्प्रेषण दैनीक सबै जिल्ला(अन्य).............- 16 -

२.७.२५.१३९ राजमार्ग लगायतका अन्य क्षेत्रमा रहेका होटलहरुको अनुगमन तथा निरीक्षण र प्रतिवेदन सार्वजनिक (एक पटकमा कम्तीमा १० वटा होटल)(अन्य)........................................- 16 -

२.७.२५.१४० जिल्लास्तरमा नियमित बजार/व्यापार/व्यवसाय अनुगमन (हप्तामा कम्तीमा एउटा वडा/बजार अनिवार्य)(अन्य)........................................................................- 16 -

२.७.२५.१४१ प्रदेशस्तरमा नियमित बजार/व्यापार/व्यवसाय अनुगमन (१५ दिनमा कम्तीमा एउटा जिल्लाको कुनै बजार अनिवार्य)(अन्य)........................................................- 17 -

२.७.२५.२३१ स्टाफ बैठकबाट वार्षिक कार्यक्रम कार्यान्वयन क्यालेन्डर निर्माण गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्ने (२०७८ साउन १५ गते भित्र) (अन्य) कार्यालयले स्विकृत कार्यक्रमको क्यालेण्डर तयार गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ । यो कार्यक्रममा खाजामा रकम खर्च गरिनेछ ।........................................................................- 17 -

२.७.२५.२३२ खाद्य वस्तु, तरकारी तथा फलफुलमा हुने विषादी सम्बन्धी सचेतनामुलक प्रचारप्रसार सामग्री उत्पादन तथा घरदैलोमा वितरण (कृषि बजार र पकेट क्षेत्रलाई प्राथमिकतामा राखी) (अन्य) - 17 -

२.७.२५.२३३ उपभोक्ता हक हित संरक्षणका लागि सार्वजनिक स्थान, पसल आदिमा फ्लेक्स प्रिन्ट स्टिकर राख्ने (अन्य)........................................................................- 17 -

२.७.२५.१४४ कार्यक्रम सञ्चालन खर्च(अन्य)........................................................- 18 -

विविध........................................................................- 19 -

प्रदेश सचिव

# परिच्छेद १

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## प्रारम्भिक

**१.१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "कार्यक्रम कार्यान्वयन कार्यविधि(उद्योग तथा वाणिज्य) २०७८" रहनेछ ।

ख) यो कार्यविधि आ.व. २०७८/०७९ को प्रदेश सरकारवाट स्वीकृत बजेट तथा कार्यक्रमको हकमा मात्र लागु हुनेछ ।

**१.२) परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ ।

ख) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्नेछ ।

ग) "सम्वन्धित निकाय वा कार्यालय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको सरकारी निकायलाई सम्झनुपर्छ ।

घ) "कार्यालय" भन्नाले जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्नेछ ।

ङ) "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।

च) "कार्यक्रम" भन्नाले लागत साझेदारीमा कार्यालयले व्यहोर्ने पूर्वाधार सम्वन्धि परियोजना/योजना समेतलाई जनाउने छ ।

छ) "समिति" भन्नाले जिल्ला उद्यम विकास समिति, जिल्ला उद्योग प्रवर्धन समिति सम्झनु पर्दछ । सो शव्दले प्रचलित कानूनले तोकेको समितिलाई समेत सम्झनु पर्दछ ।

ज) "तालुक कार्यालय" भन्नाले मन्त्रालय र निर्देशनालयलाई सम्झनु पर्दछ ।

झ) "नवउद्यमी" भन्नाले गत २ आ.व. र यस चालु आ.व. मा दर्ता भएका उद्योग/व्यवसाय र फर्मलाई जनाउनेछ ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# परिच्छेद २

## उद्योग विकास कार्यक्रम

यो उद्योग प्रवर्द्धनात्मक कार्यक्रम हो । जस भित्र उद्योग संचालनमा सघाउ पुऱ्याउने पुर्वाधार निर्माण, प्रविधि हस्तान्तरण, सिपमूलक तालिम तथा जनचेतना जगाउने विधिहरुलाई यस अन्तर्गतका कार्यक्रममा प्रस्तुत गरिएको छ ।

### क. ११.१.२.२८ साझा सुविधा केन्द्रको पूर्वाधार निर्माण (भवन निर्माण)

साझा सुविधा केन्द्र स्थापनाका लागि कार्यालयले अति गरिबी तथा विपन्नताको कारण उद्यम स्थापना गर्न आफ्नो निवास स्थानमा प्रयाप्त स्थान/भवन उपलब्ध नहुने तर उद्यम गर्न इच्छुक उद्यमीहरुको संख्या दश भन्दा बढी (संख्या नपुगेमा उद्यम दर्ता गराइ कार्य गर्न इच्छुक) रहेको भौगोलिक क्षेत्र/समुदायमा स्थापना हुने गरी सहयोग गर्नुपर्नेछ । सो को लागि कार्यालयले आवश्यक अध्ययन/अनुगमन गरी सम्बन्धित स्थानीय तहबाट देहायको आधारमा सिफारिस सहितको सहमति माग गर्नु पर्नेछ।

(क) साझा सुविधा केन्द्र भवन स्थापनाको लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था,

(ख) साझा सुविधा केन्द्र निर्माण पछि उद्यमीको उत्पादन, कच्चा पदार्थको उपयोग, रोजगारी र आम्दानीमा हुनसक्ने वृद्धि,

(ग) साझा सुविधा केन्द्रको स्थापनामा लाग्ने कूल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने स्थानीय तह, समुदाय, उद्यमीहरुको प्रतिवद्धता र सीप

<u>साझा सुविधा केन्द्रको स्थापना/व्यवस्थापन र उपयोग प्रक्रिया ।</u>

१. साझा सुविधा केन्द्रको स्थापनाको संभावना देखिएमा कार्यालयले निर्णय गरी वडा अध्यक्ष वा वडा सदस्यको रोहवरमा उपभोक्ता समितिको रुपमा काम गर्ने किसिमको साझा सुविधा केन्द्र निर्माण/व्यवस्थापन/संरक्षण समितिको गठन गराउनु पर्नेछ ।

२. गठन भएको व्यवस्थापन समितिले गा.पा./नगरपालिकाको सहयोगमा जग्गाको व्यवस्था गरी सकभर लागत साझेदारीमा साझा सुविधा केन्द्रको स्थापनाको लागि कार्यालयमा निवेदन दिनुपर्नेछ। तर राष्ट्रिय वनको सिमाना भित्रको हकमा प्रचलित कानुन बमोजिम जग्गा प्राप्त नगरी बजार घर निर्माण गरिने छैन ।

३. समिति गठन गरी कार्यालयको सिफारिशमा साझा सुविधा केन्द्रको नाममा बैङ्क खाता खोल्नु पर्दछ। कार्यालयले उपलब्ध गराएको रकम र अन्य श्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको हिसाव दुरुस्त राखी कार्यालय र नगरपालिका/गाउपालिकामा जानकारी गराउने दायित्व केन्द्र व्यवस्थापन समितिको हुनेछ ।

४. सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार साझा सुविधा केन्द्रको भवन निर्माण गरिनेछ ।

५. सम्बन्धित स्थानीय तहले साझा सुविधा केन्द्रलाई थप सहयोग उपलब्ध गराउन सक्नेछ ।

६. एक वा एक भन्दा बढी स्थानवाट माग भएमा रकमको अवस्था हेरी एक वा एक भन्दा बढी स्थानमा समेत साझा सुविधा केन्द्र स्थापना गर्न वाधा पुग्ने छैन तर श्रोतको सुनिश्चतता कार्यालयले गर्नुपर्नेछ

प्रदेश सचिव

७. साझा सुविधा केन्द्रको लागत अनुमान तथा डिजाइन इन्जिनियरले तयार गरी पेश गरे पश्चात कार्यालय प्रमुखले स्वीकृत गरे बमोजिम हुनेछ ।

८. साझा सुविधा केन्द्रको निर्माण तथा उपयोग/व्यवस्थापनका विषयमा समिति र कार्यालय बीच सम्झौता गर्नुपर्नेछ ।

९. साझा सुविधा केन्द्रको उपयोग गर्ने उद्यमीहरुले आवश्यक सेवा शुल्क उठाई साझा सुविधा केन्द्रको खातामा जम्मा गर्नुपर्नेछ । यस्तो रकम साझा सुविधा केन्द्रको मर्मतमा खर्च गर्न तथा उद्यम विकासका लागि खर्च गर्न सकिनेछ ।

१०. साझा सुविधा केन्द्रको उपयोग उद्यमीहरुले नगर्ने परिस्थिति सृजना भएमा, उद्देश्य अनुरुप उपयोग नहुने परिस्थिति सृजना भएमा वा व्यवस्थापनमा समस्या उत्पन्न भएमा सो केन्द्रको सम्पत्ति सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्नेछ ।

११. प्रकरण १० बमोजिमको अवस्था भई प्राप्त हुन आएको केन्द्रलाई सम्बन्धित स्थानीय तहले अन्य उद्यमी समूहलाई कार्यालयको सहमतिमा हस्तान्तरण गर्न सक्नेछ ।

**ख. ११.१.२.४२ मुख्य-मुख्य पहाडी/हिमाली क्षेत्रका सार्वजनिक जग्गामा बजार घर निर्माण (महानगरपालिका र उपमहानगरपालिका बाहेक)(भवन निर्माण )**

स्थानीय स्तरका कृषि/वन/पशुमा आधारित उपज वा लघु, घरेलु/ साना उद्योगवाट उत्पादित उपजहरुको बिक्रीलाई सहज वनाउन तथा सदरमुकाम/शहर उन्मुख गाँउ/स्थानीय बजार क्षेत्रमा स्थान अभावले ओझेलमा परेका समुदाय/उद्यमीले उत्पादन गरेका वस्तु/उपजको बिक्रीलाई सहयोग गर्न प्रदेश सरकारले यो कार्यक्रम तय गरेको हो । कार्यक्रम सञ्चालनका लागि कार्यालयले आवश्यक अध्ययन/अनुगमन गरी सम्बन्धित स्थानीय तहबाट देहायको आधारमा सिफारिस सहितको सहमति माग गर्नु पर्नेछ।

क. बजार घर निर्माण पछि कृषक/उपभोक्ता/उद्यमीको उत्पादन, कच्चा पदार्थको उपयोग, बिक्रीवाट रोजगारी र आम्दानीमा हुनसक्ने वृद्धि,

ख. बजार घरको स्थापनामा लाग्ने कूल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने स्थानीय तह/समुदाय/उद्यमीहरुको प्रतिबद्धता ।

<u>सार्वजनिक जग्गामा बजार घर निर्माणको स्थापना/व्यवस्थापन र उपयोग प्रक्रिया ।</u>

१. बजार घरको स्थापनाको संभावना देखिएमा कार्यालयले निर्णय गरी वडा अध्यक्ष वा वडा सदस्यको रोहवरमा उपभोक्ता समितिको रुपमा काम गर्ने किसिमको बजार घर निर्माण/व्यवस्थापन/संरक्षण समितिको गठन गराउनु पर्नेछ ।

२. गठन भएको व्यवस्थापन समितिले गा.पा./नगरपालिकाको सहयोगमा जग्गाको व्यवस्था गरी सकभर लागत साझेदारीमा बजार घरको स्थापनाको लागि कार्यालयमा निवेदन दिनुपर्नेछ।

३. समिति गठन गरी कार्यालयको सिफारिशमा बजार घरको नाममा वैङ्क खाता खोल्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको रकम र अन्य श्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको हिसाव दुरुस्त राखी कार्यालय र नगरपालिका/गाउपालिकामा जानकारी गराउने दायित्व बजार घर व्यवस्थापन समितिको हुनेछ ।

४. सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार बजार घरको भवन निर्माण गरिनेछ ।

प्रदेश सचिव

५. सम्बन्धित स्थानीय तहले बजार घरलाई थप सहयोग उपलब्ध गराउन सक्नेछ ।

६. एक वा एक भन्दा बढी स्थानवाट माग भएमा रकमको अवस्था हेरी एक वा एक भन्दा बढी स्थानमा समेत बजार घर स्थापना गर्न वाधा पुग्ने छैन तर श्रोतको सुनिश्चतता कार्यालयले गर्नुपर्नेछ ।

७. बजार घरको लागत अनुमान तथा डिजाइन इन्जिनियरले तयार गरी पेश गरे पश्चात कार्यालय प्रमुखले स्वीकृत गरे बमोजिम हुनेछ ।

८. बजार घरको निर्माण तथा उपयोग/व्यवस्थापनका विषयमा समिति र कार्यालय वीच सम्झौता गर्नुपर्नेछ ।

९. बजार घरको उपयोग गर्ने उद्यमीहरुले आवश्यक सेवा शुल्क उठाई बजार घर व्यवस्थापन समितिको खातामा जम्मा गर्नुपर्नेछ । यस्तो रकम बजार घरको मर्मतमा खर्च गर्न तथा उद्यम विकासका लागि खर्च गर्न सकिनेछ ।

१०. बजार घरको उपयोग उद्यमीहरुले नगर्ने परिस्थिति सृजना भएमा, उद्देश्य अनुरुप उपयोग नहुने परिस्थिति सृजना भएमा वा व्यवस्थापनमा समस्या उत्पन्न भएमा सो बजार घरको सम्पत्ति सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्नेछ ।

११. उपदफा १० बमोजिमको अवस्था भई प्राप्त हुन आएको बजार घरलाई सम्बन्धित स्थानीय तहले अन्य उद्यमी समूहलाई कार्यालयको सहमतिमा हस्तान्तरण गर्न सक्नेछ ।

**ग. ११.१.२.८१ धादिङ्ग मासटारमा उद्योग उपज विक्रि केन्द्रको भौतिक पूर्वाधार निर्माण निरन्तरता (भवन निर्माण)**

१. धादिङ्ग मासटार क्षेत्रमा रहेका निजी, सहकारी, स्थानीय तह वा सरोकारवालासँग समन्वय गर्न निर्माणको सहजिकरणका लागि कार्यालयले समन्वय वैठक/सहभागी भेला/वैठकको आयोजना गर्ने । धादिङ्ग मासटारमा उद्योग उपज विक्रि केन्द्रमा कम्पाउण्ड वाल निर्माण/धादिङ्ग मासटारमा उद्योग उपज विक्रि केन्द्रको भवन निर्माण क्याफेटेरिया र शौचालय सहित) भवन निर्माण) गरी दुवै कार्यका लागि तय भएको जग्गामा मन्त्रालयवाट तयार गरिएको Detailed Project Report मा तोकिए अनुसारको लागत अनुमान तथा डिजाइन निर्देशनालयको इन्जीनीयरले यस वर्षको धादिङ्ग जिल्लाको दररेट अनुसार लागत अनुमान गरी तयार गरी कार्यालय प्रमुखले स्विकृत गरे वमोजिम हुनेछ । Detailed Project Report का विषयमा मन्त्रालयको इन्जिनियरले निर्देशनालयको इन्जिनियर वा कार्यालयलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

२. प्रचलित कानून अनुसार बोलपत्रवाट धादिङ्ग मासटारमा उद्योग उपज विक्रि केन्द्रमा कम्पाउण्ड वाल निर्माण / धादिङ्ग मासटारमा उद्योग उपज विक्रि केन्द्रको भवन निर्माण क्याफेटेरिया र शौचालय सहित) भवन निर्माण) गर्नुपर्ने अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको सार्वजनिक खरिद विधि मार्फत ठेकेदारसँग सम्झौता गरी दोस्रो पक्षलाई कार्यसम्पादन गराउनु पर्ने ।

३. कार्यक्रमको सम्झौता गर्दा कामको परिमाण, न्यून लागत, समय सिमा, गुणस्तर जस्ता सूचकहरु समावेस गरी गर्ने ।

प्रदेश सचिव

४. यस कार्यक्रमको कन्टिजेन्सी रकमवाट वैठक भत्ता, पूर्वाधारको सुपरिवेक्षण अनुगमन, भ्रमण आदि खर्च गर्न सकिने छ ।

५. लागत अनुमान तयार गरी कानुन बमोजिम सार्वजनिक खरिद विधिवाट उक्त कार्यक्रम सम्पन्न गर्न सकिनेछ ।

६. कार्यसम्पन्न पश्चात मन्त्रालयलाई तत्काल जानकारी गराइ मन्त्रालयले व्यवस्थापन र उपयोग प्रक्रिया तोक्नेछ ।

**११.१.२.८३ स्थानीय तहसँगको सहकार्यमा बजार क्षेत्रमा घरेलु, लघु तथा साना उद्योगहरुको उपजहरु विक्री केन्द्र (कोशेली घर) निर्माण (भवन निर्माण)**

स्थानीय स्तरका लघु, घरेलु/साना उद्योगवाट उत्पादित उपजहरुको बिक्रीलाई सहज बनाउन तथा बिक्रीका लागि बजार क्षेत्रमा स्थान अभावले ओझेलमा परेका समुदाय/उद्यमीलाई सहयोग गर्न यो कार्यक्रम प्रदेश सरकारले तय गरेको छ । यो कार्यक्रम देहाय अनुसार सम्पादन गरिनेछ ।

(क) कार्यालयले आवश्यक अध्ययन गरी देहायका आधारमा स्थानीय तहसँग माग निवेदन संकलन गर्नुपर्नेछ ।

१. कोशेली घर स्थापनाको लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था,
२. कोशेली घर निर्माण पछि उद्यमीको उत्पादन, कृषिजन्य उपज, कच्चापदार्थको उपयोग, बिक्रीवाट रोजगारी र आम्दानीमा हुनसक्ने वृद्धि,
३. कोशेली घरको स्थापनामा लाग्ने कूल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने स्थानीय तह, समुदाय, उद्यमीहरुको प्रतिवद्धता ।

<u>कोशेली घरको स्थापना/व्यवस्थापन र उपयोग प्रक्रिया</u>

१. कोशेली घरको स्थापनाको संभावना देखिएमा कार्यालयले निर्णय गरी वडा अध्यक्ष वा वडा सदस्यको रोहवरमा उपभोक्ता समितिको रुपमा काम गर्ने किसिमको कोशेली घर निर्माण/व्यवस्थापन/संरक्षण समितिको गठन गराउनु पर्नेछ ।
२. गठन भएको व्यवस्थापन समितिले स्थानीय तहको सहयोगमा जग्गाको व्यवस्था गरी सकभर लागत साझेदारीमा कोशेली घरको स्थापनाको लागि कार्यालयमा निवेदन दिनुपर्नेछ।
३. समिति गठन गरी कार्यालयको सिफारिशमा कोशेली घरको नाममा वैङ्क खाता खोल्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको रकम र अन्य श्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको हिसाव दुरुस्त राखी कार्यालय र नगरपालिका/गाउपालिकामा जानकारी गराउने दायित्व कोशेली घर व्यवस्थापन समितिको हुनेछ ।
४. सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार कोशेली घर भवन निर्माण गरिनेछ ।
५. सम्बन्धित स्थानीय तहले कोशेली घरलाई थप सहयोग उपलब्ध गराउन सक्नेछ ।
६. एक वा एक भन्दा बढी स्थानवाट माग भएमा रकमको अवस्था हेरी एक वा एक भन्दा बढी स्थानमा समेत कोशेली घर स्थापना गर्न वाधा पुग्ने छैन तर श्रोतको सुनिश्चतता कार्यालयले गर्नुपर्नेछ । तर राष्ट्रिय वनको सिमाना भित्रको हकमा प्रचलित कानुन बमोजिम जग्गा प्राप्त नभएसम्म कुनै कोसेली घर निर्माण गरिने छैन ।

प्रदेश सचिव

७. कोशेली घरको लागत अनुमान तथा डिजाइन निर्देशनालयको इन्जिनियरले तयार गरी पेश गरे पश्चात कार्यालय प्रमुखले स्वीकृत गरे बमोजिम हुनेछ ।

८. कोशेली घरको निर्माण तथा उपयोग/व्यवस्थापनका विषयमा समिति र कार्यालय बीच सम्झौता गर्नुपर्नेछ ।

९. कोशेली घरको उपयोग उद्यमीहरुले आवश्यक सेवा शुल्क उठाई कोशेली घरको खातामा जम्मा गर्नुपर्नेछ । यस्तो रकम कोशेली घरको मर्मतमा खर्च गर्न तथा उद्यम विकासका लागि खर्च गर्न सकिनेछ ।

१०. कोशेली घरको उपयोग उद्यमीहरुले नगर्ने परिस्थिति सृजना भएमा, उद्देश्य अनुरुप उपयोग नहुने परिस्थिति सृजना भएमा वा व्यवस्थापनमा समस्या उत्पन्न भएमा सो कोशेली घरको सम्पत्ति सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्नेछ ।

११. उपदफा १० बमोजिमको अवस्था भई प्राप्त हुन आएको कोशेली घरलाई सम्बन्धित स्थानीय तहले अन्य उद्यमी समूहलाई कार्यालयको सहमतिमा हस्तान्तरण गर्न सक्नेछ ।

११.३.१२.४६ नवउद्यमीद्धारा सञ्चालित उद्योगलाई प्रविधी हस्तान्तरण सहयोग कार्यक्रम (उद्यमी र सरकारको साझेदारीमा)(औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) ११.३.२२.२९ महिलाद्धारा सञ्चालन हुने नयाँ उद्योग स्थापनाको परियोजना प्रस्तावको आधारमा प्रोत्साहनका लागि प्रविधी हस्तान्तरण (अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.३३ कोभिड १९ बाट प्रभावित सञ्चालनमा रहेका उद्योग/उद्यमीलाई स्तरोन्नतिका लागि प्रविधी हस्तान्तरण सहयोग (लगानीकर्ता र सरकारको साझेदारीमा)(अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.२८ कम्पनी दर्ता वा उद्योग कार्यालयमा दर्ता भएका वा दर्ता उन्मुख स्थानीय स्तरमा उत्पादन हुने मसला तथा अनाज प्रशोधन/प्याकेजिङ गर्ने नव उद्यमीलाई प्रविधी सहयोग (लगानीकर्ता र सरकारको साझेदारीमा)(अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.३० ४० वर्ष उमेर मुनिका युवाद्धारा सञ्चालन हुने कम्पनी दर्ता वा उद्योग कार्यालयमा दर्ता भएका वा दर्ता उन्मुख नयाँ उद्योग स्थापनाको परियोजना प्रस्तावको आधारमा प्रोत्साहनको लागि प्रविधी हस्तान्तरण (अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.४५ ठिमी प्रजापति समुदायबाट सेरामिक्स उत्पादन मेसिन सहकार्य (अन्य उपकरण तथा मेशीन औजार) ११.३.१२.६१ जुनार/कागती लगायतका सिट्रस प्रजातिको प्रशोधन उद्योगलाई प्रविधी हस्तान्तरण क.न.पा. ४ र गोलन्जोर ५ सिन्धुली (औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) ११.३.१२.६० सरकारी स्वामीत्व भएको सिन्धुपाल्चोक जिल्लाको लामोसाँघू स्थित खरी उद्योग पुनः सञ्चालनको लागि प्रविधी हस्तान्तरण तथा प्राविधिक सहयोग (औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) ११.३.१२.६२ आलुको परिकार उत्पादन गर्ने उद्योगलाई प्रविधी हस्तान्तरण (औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) ११.३.२२.३२ समुदायद्धारा (साझेदारी) सञ्चालित छाला प्रशोधन गर्ने कम्पनी दर्ता वा उद्योग कार्यालयमा दर्ता भएका वा दर्ता उन्मुख नयाँ उद्योगलाई मेशिन सहयोग (लगानीकर्ता र सरकारको साझेदारीमा)(अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.४३ कम्पनी दर्ता वा उद्योग कार्यालयमा दर्ता भएका वा दर्ता उन्मुख दुग्ध जन्य उद्योगलाई प्रविधी सहयोग (लगानीकर्ता र सरकारको साझेदारीमा)(अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.४६ गलैंचा/कार्पेट उद्योगका लागि प्रविधि हस्तान्तरण (अन्य

प्रदेश सचिव

उपकरण तथा मेशीन औजार) ११.३.१२.५९ लौठ सल्लाको बीउ भण्डार तथा प्रशोधनका लागि प्रविधी हस्तान्तरण महांकाल गा.पा.-३, धामीडाँडा, ललितपुर (औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) ११.३.२२.३५ देवीचौर गोदावरी न.पा. ७ मा लप्सी प्रशोधन मेशिन तथा प्रविधी हस्तान्तरण (अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.३७ बागमती हस्तकला संघको सहकार्यमा हस्तकलाको आधुनिकिकरणमा प्रविधी हस्तान्तरण (अन्य उपकरण तथा मेशीन औजार) ११.३.२२.३१ कम्पनी वा उद्योग कार्यालयमा दर्ता भएका पाँच वर्ष अवधि नकटेका पुराना उद्योगलाई प्रोत्साहनका लागि प्रविधी हस्तान्तरण (अन्य उपकरण तथा मेशीन औजार) ११.३.१२.५५ ढाका बुनाई सहयोग कार्यक्रम (औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) ११.३.१२.५८ साबुन उत्पादनका लागि प्रविधि हस्तान्तरण चन्द्रागिरी न.पा. काठमाडौं (औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) ११.३.२२.३६ बोसन सा.व. हात्तीवन, कुमारीदेवी, दक्षिणकाली-१ को सामुदायिक वनको सहकार्यमा नासपाति प्रशोधन मेशिन तथा प्रविधी हस्तान्तरण (अन्य उपकरण तथा मेशीन औजार) ११.३.१२.४७ अपाङ्गद्वारा सञ्चालित उद्योगलाई प्रविधी हस्तान्तरण सहयोग कार्यक्रम

(क) माथि उल्लेखित कार्यक्रमहरु देहाय बमोजिम कार्यान्वयन गर्नुपर्ने छ

१. बागमती प्रदेशको प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि २०७७ को दफा ३ बमोजिम प्रस्ताव आव्हान गर्ने

२. आवश्यकता र औचित्यताका आधारमा प्रस्ताव पेश गर्ने लाभग्राही/प्रस्तावकहरुको उद्योग/व्यवसायको अनुगमन गर्ने

३. प्राप्त निवेदन/प्रस्तावहरुको बागमती प्रदेशको प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि २०७७ बमोजिमको मूल्याङ्कन समितिबाट मूल्याङ्कन गर्ने

४. मूल्याङ्कन समितिको सिफारिशको आधारमा छनौट भएका लाभग्राहीहरुसँग २० प्रतिशत लागत साझेदारी हुने गरी सम्झौता गर्ने

५. छनौट भएका लाभग्राहीहरुको मागका आधारमा उद्यमीको २० प्रतिशत लागत साझेदारी सुनिश्चित हुने गरी बाँकी रकम आपूर्तिकर्तालाई कार्यालयले उपलब्ध गराउनुपर्नेछ ।

६. प्रतिउद्यमी रु.५ लाखभन्दा बढीको प्रविधि/सामाग्रीहरु हस्तान्तरण गर्नुपर्ने भएमा सार्वजनिक खरिद ऐन, नियमावलीको अनुसार गर्नुपर्नेछ ।

७. बागमती प्रदेशको प्रविधी हस्तान्तरण सम्बन्धि कार्यविधि २०७७ को अनुसुची ३ बमोजिम समेतको शर्त र ढाँचामा सम्बन्धित लाभग्राहीलाई प्रविधि हस्तान्तरण गर्ने।

८. कार्यालयबाट हस्तान्तरित प्रविधि/सामाग्रीको बागमती प्रदेशको प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि २०७७ को दफा ८ बमोजिम अनुगमन गर्ने

९. दर्ता नभएका उद्योगी/व्यवसायीको हकमा परियोजना प्रस्तावको आधारमा प्रस्ताव छनौट गरी बढीमा ६ महिनाभित्रमा उद्योग/व्यवसाय सम्बन्धित निकायमा दर्ता गर्ने शर्तमा प्रविधि हस्तान्तरण गर्न सकिने (प्रस्तावसाथ अनिवार्य कागजातहरुमा दर्ता प्रमाणपत्र आवश्यक नपर्ने)

प्रदेश सचिव

**११.१.२.८० भरतपूर म.न.पा, चितवनको उद्योग संघको परिसरमा Exhibition Centre पूर्वाधार निर्माण (भवन निर्माण)**

भरतपूर म.न.पा., चितवन उद्योग संघको परिसरमा पुर्वाधार निर्माण(भवन निर्माण) कार्यका लागि तय भएको जग्गामा तयार गरिएको Detailed Project Report मा तोकिए अनुसारको लागत अनुमान तथा डिजाइन बमोजिम निर्देशनालयको ईन्जिनियरले तयार गरेको लागत अनुमान सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार स्वीकृत गरी सार्वजनिक खरिद विधि मार्फत खरिद गरी कार्यसम्पादन गर्नुपर्नेछ।

**११.४.२२.८३० जिल्ला समन्वय समितिको समन्वयमा उद्योग सम्वर्द्धन केन्द्र स्थापनाको लागि पूर्वाधार निर्माण (अन्य सार्वजनिक निर्माण)**

उद्योग सम्वर्द्धन केन्द्र स्थापनाको लागि जिल्ला समन्वय समितिको समन्वयमा पूर्वाधार निर्माण कार्यका लागि तय भएको जग्गामा निर्देशनालयको ईन्जिनियरले तयार गरेको लागत अनुमान सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार स्वीकृत गरी सार्वजनिक खरिद विधि मार्फत खरिद गरी कार्यसम्पादन गर्नुपर्नेछ।

**११.१.२.३२ हेटौडा उ मकवानुपरमा पाको सहकार्यमा हेटौडा ४.न.म.वृहत घरेलु तथा उद्योग उपज प्रदर्शनी भवन तथा संरचना निर्माण पूर्वाधार निर्माण (भवन निर्माण)**

स्वीकृत Detailed Project Report र लागत अनुमान अनुसार सार्वजनिक खरिद ऐन, २०६३ तथा -नियमावली, २०६४ अनुसार खरिद गरी कार्यसम्पादन गर्नुपर्नेछ।

**११.४.२२.३०० सिन्धुलीको हरिहरपुरगढीमा स्थापना हुने औद्योगिक क्षेत्रमा DPR बमोजिम नदि नियन्त्रण संरचना निर्माण (अन्य सार्वजनिक निर्माण) ११.४.२२.०३३ घोषित उद्योग ग्राम क्षेत्रमा पूर्वाधार निर्माण, मकवानपुर ११.४.२२.०३४ चितवन, ११.४.२२.०३५ धादिङ्ग, ११.४.२२.०३६ नुवाकोट, ११.४.२२.०३७ रसुवा, ११.४.२२.०३८ काभ्रेपलाञ्चोक, ११.४.२२.०३९ सिन्धुपाल्चोक, ११.४.२२.०४० दोलखा, ११.४.२२.०४१ रामेछाप, ११.४.२२.०४२ सिन्धुली**

**११.४.२२.८३२ जुगल क्षेत्रको उद्योग ग्राम क्षेत्रको जग्गा विकास तथा संरक्षण (अन्य सार्वजनिक निर्माण) ११.४.२२.८४७ मकवानपुरको मनहरीमा स्थापना हुने औद्योगिक क्षेत्रमा Detailed Project Report बमोजिमको पूर्वाधार निर्माण (अन्य सार्वजनिक निर्माण)**

मन्त्रालयबाट स्वीकृत Detailed Project Report बमोजिम लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद गरी कार्यसम्पादन गर्नुपर्नेछ।

प्रदेश सचिव

११.५.४०.७९ डाडाँकाँडावाट निर्माण सामाग्री (ढुंगा खानी) उत्खननको लागि उत्खनन योजना स्वीकृत र जग्गा प्राप्ति (अन्य पूँजीगत अनुसन्धान तथा परामर्श)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

१) निर्देशनालयले यो शिर्षकको रकम देहाय अनुसार खर्च गर्नेछ ।

- संघीय मन्त्रालय/स्थानीय तह/अन्तर मन्त्रालयमा समन्वयमा जाँदा अन्तरकृया/छलफल।
- जग्गा प्राप्ती तथा माइनीङ्ग स्किम स्विकृतीका लागि आवश्यक खर्च।
- प्रचलित सार्वजनिक खरिद कानून बमोजिम कार्यसम्पादन गर्नुपर्ने ।

२.५.२.१६ उद्योग निर्देशनालयको लागि विशेषज्ञ ईन्जिनियरिङ परामर्श सेवा (ईन्जिनियर)(विज्ञ र सल्लाहकार सेवा) २.५.२.१५ उद्योग निर्देशनालयको लागि विशेषज्ञ ईन्जिनियरिङ परामर्श सेवा (सब ईन्जिनियर)(विज्ञ र सल्लाहकार सेवा)

१३ वटै कार्यालय र निर्देशनालयको भौतिक पुर्वाधार, घोषित उद्योग ग्राम, विक्री घर लगायतका विकास तथा इन्जिनियरिङ्ग सम्बन्धी कामका लागि निर्देशनालयले विशेषज्ञ इन्जिनियरङ तथा सव-इन्जिनियरिङ सेवा परामर्शमा लिन सक्नेछ । यो सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गरेको विशेषज्ञ परामर्श सेवाको पारिश्रमिक सम्बन्धी मापदण्ड बमोजिम हुनेछ ।

२.५.२.८ उद्योग तथा व्यवसायको तथ्याङ्क व्यवस्थापनका लागि तथ्याङ्क व्यवस्थापक परामर्श सेवा मार्फत (विज्ञ र सल्लाहकार सेवा)

कार्यालयको तथ्याङ्क व्यवस्थापनका लागि प्रवीणता प्रमाणपत्र वा दश जोड दुई पास गरी कम्प्यूटर सम्वन्धि ज्ञान भएको जनशक्ति सेवा परामर्शवाट लिइ कार्यालयले दिने सेवावृद्धि गर्न यो कार्यक्रम राखिएको हो । तथ्याङ्क व्यवस्थापकमा विगतमा कार्यरत रहेका अनुभवीलाई प्राथमिकता दिन सकिनेछ। तथ्याङ्क व्यवस्थापकले मासिक प्रगति तयारी, उद्योगको तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कको कम्प्यूटर अभिलेखीकरण गर्ने कार्य गर्नुपर्नेछ । तथ्याङ्क व्यवस्थापकको मासिक पारिश्रमिक सहायकस्तर चौथो बरावर हुनेछ । मासिक प्रतिवेदन लिइ पारिश्रमिक उपलव्ध गराइनेछ । कार्यालय प्रमुखले कार्यालयको अन्य काममा समेत लगाउन सक्नेछ ।

२.६.४.४७ गलैंचा/कार्पेट निर्माण तालिम (उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) (अन्य) २.६.४.४८ जुत्ता चप्पल बनाउने तालिम (२० जना कम्तीमा १५ दिन)(उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)(अन्य) २.६.४.६९ वातावरणमैत्री कपडाको झोला तयारी सम्बन्धी तालिम (उद्यमशीलता,रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) २.६.४.७० फरक क्षमता भएका(अपाङ्गता भएका) समुदायलाई तालिम (उद्यमशीलता,रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) २.६.४.७८ मकवानपुरको भिमफेदीमा ढाका बुनाई तालिम (उद्यमशीलता,रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)

१. माथि उल्लेखित कार्यक्रमहरु मन्त्रालयबाट स्वीकृत सीपमूलक तालिम संचालन कार्यविधि, २०७८ अनुसार संचालन गर्ने ।
२. कार्यविधि बमोजिम लागत अनुमान स्वीकृत गर्ने

प्रदेश सचिव

३. आवश्यकता आधारमा प्रशिक्षार्थी छनौटका लागि कार्यालयले सूचना प्रकाशन गर्ने
४. कार्यविधि अनुसार प्रशिक्षार्थी छनौट गर्ने
५. विगत वर्षहरुमा आधारभूत तालिम लिएका प्रशिक्षार्थीहरुको स्तरवृद्धि तालिमलाई प्राथमिकतामा राख्ने
६. कार्यक्रमको उद्देश्य अनुसार छनौट भएका प्रशिक्षार्थीहरुका लागि तालिम सञ्चालन गर्ने ।

**२.६.४.७५ घरेलु तथा साना उद्योग महासंघको सहजीकरणमा न.पा./गा.पा. (म.न.पा./उ.म.न.पा. बाहेक) को सहकार्य तथा आर्थिक सहयोगमा हरेक स्थानीय तहमा महिलाका लागि सिपमुलक तालिम (सिलाई बुनाई,ब्युटिपार्लर तालिम बाहेक) (उद्यमशीलता,रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)**

१. माथि उल्लेखित कार्यक्रम मन्त्रालयबाट स्वीकृत सीपमूलक तालिम संचालन कार्यविधि, २०७८ अनुसार संचालन गर्ने ।
२. कार्यविधि बमोजिम लागत अनुमान स्वीकृत गर्ने
३. घरेलु तथा साना उद्योग महासंघलाई सिफारिशसहित प्रशिक्षार्थी छनौटका गरी पठाउन कार्यालयले पत्राचार गर्ने ।
४. कार्यविधि अनुसार प्रशिक्षार्थी छनौट गर्ने ।
५. विगत वर्षहरुमा आधारभूत तालिम लिएका प्रशिक्षार्थीहरुलाई स्तरवृद्धि तालिमलाई प्राथमिकतामा राख्ने।
६. कार्यक्रमको उद्देश्य अनुसार छनौट भएका प्रशिक्षार्थीहरुका लागि तालिम सञ्चालन गर्ने ।

**२.६.४.४९ उद्यम विकास/तालिम सहजकर्ता (तालिम संचालन सहयोग-प्रति जिल्ला ३ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार)(उद्यमशीलता, रोजगारी मुलक/ सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)**

घरेलु तथा साना उद्योग कार्यालयको कामलाई प्रभावकारी बनाउन तथा संस्थागत स्मरणका लागि विगत वर्ष देखि कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिने कार्यक्रम हो । कार्यक्रमवाट उद्योग, वाणिज्य तथा कार्यालयको सम्पूर्ण कार्यसम्पादनको मासिक प्रगति तयारी, उद्योगको तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कको कम्प्यूटर अभिलेखीकरण गर्नुपर्नेछ।यसरी नियुक्त गरिएका जनशक्तिको मासिक पारिश्रमिक सहायकस्तर चौंथो वा सो सरहको हुनेछ र मासिक प्रतिवेदन लिइ पारिश्रमिक उपलव्ध गराइनेछ । कार्यालय प्रमुखले यस्ता जनशक्तिलाई कार्यालयको अन्य काममा समेत लगाउन सक्नेछ । कार्यालय प्रमुखले उद्यम विकास/तालिम सहजकर्ताको कार्य सम्पादन सन्तोषजनक नपाएमा तत्कालै नियमानुसार अर्को व्यक्ति नियुक्त गर्न बाधा पुऱ्याएको मानिनेछैन ।

१) उद्यम विकास सहजकर्ता/तालिक सहजकर्ताको योग्यताः उद्यम विकास सहजकर्ता न्युनतम एस.एल.सी. वा एस.ई.ई. पास गरी उद्यम विकास सहजकर्ताको तालिम प्राप्त गरेको हुनुपर्नेछ भने एस.एल.सी वा एस.ई.ई पास गरी आधारभूत कम्प्युटर तालिम प्राप्त गरेको व्यक्तिलाई तालिम सहजकर्ताको रुपमा नियुक्त गर्नुपर्नेछ ।
२) कार्यालयले तालिम संचालन सहजिकरणको लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही उद्यम विकास/तालिम सहजकर्ता नियुक्त गर्ने सक्नेछ ।
३) नियुक्त भएका उद्यम विकास/तालिम सहजकर्ताको कार्यविवरणमा कार्यालयले सेवा सुविधा तोकी कार्य सम्पादन गराउने सक्नेछ ।

प्रदेश सचिव

४) यस कार्यक्रम अनुसार गत विगतदेखि कार्यरत उद्यम विकास सहजकर्तालाई उद्यम विकास सहजकर्ता (बढीमा दुई जना) को रुपमा र तथ्याङ्क सम्बन्धी काम गर्ने लाई तालिम सहजकर्ता (बढीमा एक जना) को रुपमा प्राथमिकता दिन सकिनेछ ।

५) उद्यम विकास सहजकर्ता र तालिम सहजकर्ताको पारिश्रमिक रकम स्वीकृत कार्यक्रमको खर्च शीर्षक नम्बर २२५१२ बाट खर्च लेखिनेछ ।

**२.६.४.५० जिल्ला लघु उद्यमी संघको सहकार्यमा लघु उद्यमी विकास मोडलमा नव उद्यमी श्रृजना गर्ने (महानगरपालिका बाहेक) (उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)**

१) जिल्ला लघु उद्यमी संघ, स्थानीय तह र अन्य सरोकारवालाहरुको उपस्थितिमा लघु उद्यम विकास मोडेल सम्बन्धमा भेला/बैठकको आयोजना गर्ने ।

२) बजेटको परिधि भित्र रही नव उद्यमी सिर्जना गर्न निम्न कृयाकलाप बमोजिमको लागत अनुमान तयार गरी कार्य सम्पन्न गर्ने ।

- लघु उद्यमी विकास मोडल सम्वन्धी १ दिने अभिमुखीकरण कार्यक्रम
- सम्भाव्य लघु उद्यमी छनौट र लघु उद्यमी समुहको गठन
- ७ (सात) दिने उद्यमशीलता विकास तालिम
- प्राविधिक सीप विकास तालिम (लामो, मध्यम, छोटो अवधि)
- लघु कर्जामा पहुँच तथा बजार सम्वन्ध विकास सम्वन्धि १ दिने अभिमुखीकरण कार्यक्रम

३) नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार कृयाकलापहरु कार्यान्वयन गर्न सकिने छ।

४) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

५) बजेट व्यवस्थापन लगायत प्राविधिक तथा आर्थिक पक्षमा स्थानीय सरोकारवाला निकायसंग सहकार्य समेत गर्न सक्नेछ।

६) तालिम प्राप्त व्यक्तिले उद्योग व्यवसाय दर्ता गराउन चाहेमा कार्यालयले प्राथमिकताका साथ सहजिकरण गर्नु पर्नेछ ।

७) अनुगमन तथा सहजिकरणमा कार्यालय वा निर्देशनालयले गर्ने ।

**२.६.४.५१ जिल्ला लघु उद्यमी संघको सहकार्यमा आवश्यकता पहिचानका आधारमा पूनर्ताजगी र स्तरोन्नती सीप विकास तालिम (उत्पादन, उत्पादकत्व, गुस्तर, पूँजी, रोजगार)(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)**

१) जिल्ला लघु उद्यमी संघ, स्थानीय तह र अन्य सरोकारवालाहरुको उपस्थितिमा लघु उद्यम विकास मोडेल सम्बन्धमा भेला/बैठकको आयोजना गर्ने ।

२) नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत "गरिवी निवारणका लागि लघु उद्यम विकास कायक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार कृयाकलापहरु कार्यान्वयन गर्ने सकिने छ।

१) बजेटको परिधि भित्र रही पूनर्ताजगी तथा स्तरोन्नती सीप विकास तालिम गर्न निम्न कृयाकलाप बमोजिमको लागत अनुमान तयार गर्ने ।

- सिर्जना भएका लघु उद्यमीहरुको तथ्यांङ्क संकलन र समुहको गठन
- लघु उद्यमी विकास मोडल सम्वन्धी १ दिने अभिमुखीकरण कार्यक्रम
- पूनर्ताजगी तथा स्तरोन्नती सीप विकास तालिम (आवश्यकता अनुसार लामो, मध्यम अवधिको एड्भान्स तालिम)

प्रदेश सचिव

२) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

३) वजेट व्यवस्थापन लगायत प्राविधिक तथा आर्थिक पक्षमा स्थानीय सरोकारवाला निकायसंग सहकार्य समेत गर्न सक्नेछ।

४) तालिम प्राप्त व्यक्तिले उद्योग व्यवसाय दर्ता गराउन चाहेमा कार्यालयले प्राथमिकताका साथ सहजिकरण गर्नु पर्नेछ ।

५) अनुगमन तथा सहजिकरणमा कार्यालय वा निर्देशनालयले गर्ने ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**२.६.६.४७ वार्षिक योजना तर्जुमा गोष्ठि (प्रदेश स्तर)(गोष्ठि तथा कार्यशाला)**

१) सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रम संचालन गर्ने ।

२) मन्त्रालयको महाशाखा प्रमुख वा प्रतिनिधि अनिवार्य रुपमा सहभागी गराउने ।

३) यो गोष्ठीको प्रतिवेदन तथा छनौट भएका योजनाको सूची मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

४) गोष्ठि तथा कार्यशालाको खर्च तथा वैठक भत्ता खर्च नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका २०७५ अनुसार गर्ने ।

**२.६.६.४८ प्रगति समीक्षा तथा कार्यक्रम तर्जुमा गोष्ठि (निर्देशनालयस्तर)(गोष्ठि तथा कार्यशाला)**

१) सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रम संचालन गर्ने ।

२) मन्त्रालयको महाशाखा प्रमुख वा प्रतिनिधि अनिवार्य रुपमा सहभागी गराउने ।

३) यो गोष्ठीको प्रतिवेदन तथा छनौट भएका योजनाको सुची मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

४) गोष्ठि तथा कार्यशालाको खर्च तथा वैठक भत्ता खर्च नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका २०७५ अनुसार गर्ने ।

**२.६.६.५० जिल्लास्तरमा सरोकारवालासँग अन्तरक्रिया गोष्ठि(गोष्ठि तथा कार्यशाला)**

१) व्यापार व्यवसाय प्रवर्द्धनका लागि सरकारवालाहरुको उपस्थितिमा कार्यक्रम संचालन गर्ने ।

२) यस कार्यक्रम अन्तर्गत उद्योग, वाणिज्य प्रशासन तथा उपभोक्ता हकहित सम्वन्धि कानूनको वारेमा जनचेतना जगाउने र सल्लाह सुझाव लिने गरी बैठक कार्यशाला समेत गर्न सकिने छ ।

३) यो गोष्ठीको प्रतिवेदन तथा छनौट भएका योजनाको सूची मन्त्रालयमा र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

४) गोष्ठि तथा कार्यशालाको खर्च तथा वैठक भत्ता खर्च नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका, २०७५ अनुसार गर्ने ।

५) आवश्यकता अनुसार व्यापार तथा व्यवसाय क्षेत्रमा काम गरेका सफल, नमूना उद्यमी वा विज्ञलाई आमन्त्रण गरी कार्यक्रम संचालन गर्न सकिने छ।

**२.७.२५.१३५ वार्षिक कार्यक्रम तथा प्रगति विवरण प्रकाशन(अन्य)**

आर्थिक वर्षको अन्त्यमा सम्वन्धित कार्यालयले गरेको सम्पूर्ण कार्यसम्पादनको प्रगति विवरण देहायको ढाँचामा तयार गरी प्रकाशन गर्ने तथा तालुक निकायमा पठाउने

- कार्यालयको परिचय
- कार्यालयले उपलव्ध गराउने सेवाहरु
- कार्यालयको प्रगति (भौतिक,वितिय र आयोजनागत)-अनुसूचीमा उल्लेख भए अनुसार
- प्रविधि प्राप्त गर्ने उद्यमी, व्यवसायीको सूची

प्रदेश सचिव

- स्तरोन्नति/स्केल अप तथा लामो अवधिको तालिम प्राप्त गरेका व्यक्तीको सूची
- उद्यमीहरुले संचालन गरेका असल कामको कथा
- महिला, दलित तथा दुर्गम क्षेत्रका जनताले संचालन गरेका उद्यमको विवरण फोटो सहित
- कार्यालयले सम्पन्न गरेका मुख्य मुख्य कार्यहरु
- सबै कर्मचारीको फोटो सहितको विवरण
- राम्रा सिकाई तथा गर्नुपर्ने सुधार
- निष्कर्ष

**२.७.२५.२१० आ.व. २०७७/७८ को प्रदेश उद्योग, व्यवसाय क्षेत्रको वस्तुस्थिति पुस्तिका प्रकाशन(पहिलो त्रैमासिक भित्र)(अन्य)**

१) मातहतका कार्यालयहरु तथा सम्बन्धित स्थानीय तहबाट उद्योग व्यवसाय क्षेत्र संग सम्वन्धित आवश्यक वस्तुस्थिति सहितको विवरणहरु माग गर्ने ।

२) उक्त विवरणहरुको संकलन, प्रशोधन, विश्लेषण गरी बागमती प्रदेशको उद्योग/व्यवसाय क्षेत्रको वस्तुस्थिति झल्किने पुस्तिका प्रकाशन गर्ने ।

३) उक्त कार्यक्रममा लाग्ने खर्च प्रचलित कानून अनुसार निर्देशनालयले गर्ने ।

४) मन्त्रालयमा विषयवस्तु तथा मस्यौदा प्रस्तुती गरेर मात्र प्रकाशन गर्ने ।

**२.७.२७.३९ उद्योग दिवस (मेला आयोजना तथा दिवस )**

१) स्थानीय निकाय र सरोकारवालाले आयोजना गर्ने मेला वा दिवस वा घुम्ती शिविर आदिमा कार्यालयले समन्वय गरी सहयोग गर्ने ।

२) सरोकारवाला निकायसँग उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षणसँग सम्वन्धित विषयमा समसामयीक छलफल, अन्तरक्रिया वा बैठकको आयोजना गर्ने ।

३) यसका लागि गरिने खर्च नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका २०७५ अनुसार गर्ने ।

४) कार्यालयले आवश्यक ठानेमा सरोकारवाला निकायसँग लागत साझेदारीमा समेत बैठक/अन्तरक्रिया कार्यक्रम कार्यान्वयन गर्ने सकिने छ ।

**२.७.२७.५४ उद्योग संघ, घरेलु तथा साना उद्योग महासंघ र स्थानीय तहसँगको सहकार्यमा औद्योगिक उपज तथा वस्तुको वजारीकरणका लागि जिल्लास्तरीय औद्योगिक मेला प्रदर्शनी (महानगरपालिका वाहिर संचालन गर्ने)(मेला आयोजना तथा दिवस )**

मन्त्रालयले तयार गरेको मेला महोत्सब संचालन सम्वन्धि कार्यविधि २०७६ (संशोधन सहित) अनुसार सञ्चालन गरिनेछ ।

**२.८.१.२७ दर्ता तथा नविकरण भएका उद्योगहरुको अनुगमन गरी अवस्था (उत्पादन, रोजगारी र पूँजी) देखिने प्रतिवेदन तयारी (घरेलु, साना, मझौला र ठूला उद्योग मात्र)(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च)**

१) कार्यालयमा दर्ता भएका कार्यालयले विगत ३ वर्ष भित्र प्रविधि हस्तान्तरण वा अन्य अनुदान प्रदान गरेका उद्योगहरुको स्थलगत अनुगमन, निरिक्षण तथा मूल्याङ्कन गर्ने ।

प्रदेश सचिव

२) विगत ३ वर्ष भित्र दर्ता भएका घरेलु तथा साना उद्योगको संख्याको कम्तीमा २०% उद्योगको अनुगमन गरी र निर्देशनालय/मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

३) अनुगमन प्रतिवेदनमा देहायका कुराहरु विवरण पेश गर्ने ।

- संचालन भएको उद्योग विवरण
- चालु वा वन्द के छ, उत्पादन के भएको छ, वातावरणमा प्रभाव के छ?
- श्रमिकको अवस्था तथा रोजागरी
- कच्चा पदार्थको उपलव्धता

४) यस कार्यक्रममा लाग्ने खर्च नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको कार्यसञ्चालन निर्देशिका र प्रदेश भ्रमण खर्च नियमावली २०७७ अनुसार गर्ने ।

**२.६.६.५१ प्रदेश व्यवसाय मञ्च चौमासिक बैठक तथा अन्तर्क्रिया (गोष्ठी तथा कार्यशाला)**

- प्रदेश भित्रका उद्योग तथा व्यवसाय क्षेत्रका समस्याहरु हल गर्न, लगानी एकिकृत गरी लगानीको वातावरण तयार गरी प्रदेशस्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूको संयोजकत्वमा गठित प्रदेश व्यवसाय मञ्च मार्फत प्रदेशमा लगानी भित्र्याउन सार्वजनिक, सहकारी नीजि संवाद (Public, cooperative, Private Dialogue) गरी industrial corridor, industrial state वा industrial Zoning कार्यमा समेत टेवा पुऱ्याउन यो कार्यक्रम तर्जुमा गरिएको छ ।
- जिल्ला स्तर तथा प्रदेश स्तरमा छलफल, गोष्ठी लगायतका कामहरु संचालन गरी संवादलाई नियमीत वनाएर उदयोग, व्यावसाय तथा उद्दम विकास टेवा पुर्याइने गरि कामहरु संचालन गरिनेछ।
- यो कार्यक्रम चौमासिक रुपमा संचालन गरिनेछ । यो कार्यक्रममा खाजा, भत्ता, इन्धन/यातायात खर्च, स्टेशनरी लगायतका काममा रकम खर्च गरिनेछ । यो कार्यक्रमको वैठकको निर्णय तथा प्रतिवेदन मन्त्रालयमा पेश गरी कार्यान्वयनका लागि सरोकारवाला निकायमा पठाइनेछ ।

**११.५.४०.१०६ देखि ११.५.४०.११५ सम्म(क्रमशः) एक स्थानीय तह एक उद्योग ग्रामको संभाव्यता अध्ययन, DPR निर्माण (१० जिल्लामा)**

१. उद्योग ग्राम स्थापना गर्न चाहाने सबै गाउपालिका लाई १५ दिनको सुचना सार्वजनिक गरी पत्राचार समेत गर्ने ।

२. निजी, सहकारी, स्थानीय तह वा सरोकारवालासँग समन्वय गर्न मन्त्रालयमा भेला/ वैठकको आयोजना गर्ने ।
   - निशुल्क जग्गा/ भवन उपलब्ध गराउने सम्वन्धमा ।
   - जग्गा र गाँउपालिका छनौट

३. संघीय सरकारद्धारा जारी उद्योग ग्राम स्थापना कार्यविधि अनुसार छनौट गर्ने ।

४. कार्यसूची मन्त्रालयले तयार गर्ने ।

५. कार्यसूची अनुसार प्रचलित सार्वजनिक खरिद कानून अनुसार खरिद विधि मार्फत डिपिआर र वातावरणीय अध्ययन गर्ने/ गराउने ।

६. सेवा प्रदायकले पेश गरेको डिपिआर मन्त्रालयमा प्रस्तुती गरी स्वामित्व ग्रहण गर्ने ।

७. यो कार्यक्रममा सेवा प्रदायकवाट डिपिआर स्वीकृती सम्मको खर्च, वैठकमा खाजा सम्म खर्च गरिनेछ ।

प्रदेश सचिव

**११.५.४०.१४७ २०७७/७८ मा खरिद सम्झौता भएको जडिबुटी प्रशोधन उद्योग स्थापनाको लागि Economic/Financial study कार्य सम्पन्न गर्ने (अन्य पूँजीगत अनुसन्धान तथा परामर्श)**

सम्झौतामा उल्लेख भएका शर्तहरु तथा प्रचलित सार्वजनिक खरिद कानुनको अधिनमा रही कार्यसम्पन्न गर्ने ।

**११.५.४०.१५३ प्रदेश भित्रका विगतमा सञ्चालनमा रही बन्द भएका रुग्ण उद्योगको पूनः सञ्चालनको लागि अध्ययन (अन्य पूँजीगत अनसन्धान तथा परामर्श)**

मूलतः हेटौडा कपडा उद्योग, गोदावारी स्थित मार्बल उद्योग, सिन्धुपाल्चोक म्याग्नेसाइट उद्योग लगायतका प्रचुर संभावना भएका संचालन भएमा नाफामा जान सक्ने तथा राष्ट्रिय उत्पादनमा टेवा दिने उद्योगको संचालनका लागि वर्तमान अवस्था के हो? संघीय सरकार र प्रदेश सरकारको समन्वयमा ती उद्योग संचालनको अवस्था के कस्तो छ? संचालनमा ल्याउन सकिने अवस्था छ वा छैन जस्ता विषयमा मन्त्रालयले तयार गरेको कार्यसुची अनुसार उद्योग विज्ञ/खानी विज्ञ र अर्थशास्त्रीको सहभागितामा प्रचलित कानून अनुसार सार्वजनिक खरिद ऐन २०६४ तथा नियमावली २०६५ अनुसारको सार्वजनिक खरिद विधि मार्फत कार्य गर्ने/अध्ययन गर्ने/ गराउने । सेवा प्रदायकले तयार गरेको अध्ययन प्रतिवेदन स्थलगत/ कार्यालयगत/ मन्त्रालयगत वैठकमा प्रस्तुत गरी अपनत्व ग्रहण गरिनेछ ।

प्रदेश सचिव

# परिच्छेद २

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## बजार अनुगमन कार्यक्रम

**२.७.२५.१३७ रेडियोबाट बजार मूल्य सम्बन्धी सूचना सम्प्रेषण दैनीक सबै जिल्ला(अन्य)**

- स्थानीय रेडियो एफएम लगायतका संचार माध्यम सँग बजेटको परिधिभित्र रही सम्झौता गरी बजार मूल्य तथा उपभोक्ता सचेतनाका कार्यक्रहरु तयार गरी प्रशारण गर्ने ।
- सबै रेडियोमा आवद्ध संचार समुहसँग छलफल गरी सकभर सबै रेडियो तथा एफएमलाई सुचना सम्प्रेषण गर्ने अवसर प्रदान गर्ने ।

**२.७.२५.१३९ राजमार्ग लगायतका अन्य क्षेत्रमा रहेका होटलहरुको अनुगमन तथा निरीक्षण र प्रतिवेदन सार्वजनिक (एक पटकमा कम्तीमा १० वटा होटल)(अन्य)**

१) व्यापार, व्यवसाय सम्वन्धि कानून तथा प्रदेश स्तरीय सयुक्त बजार अनुगमन निर्देशिका, २०७५ अनुसार अनुगमन गर्ने ।
२) सहजीकरणको लागि आवश्यकता अनुसार बिषय बिज्ञलाई आमन्त्रण गर्ने ।
३) राजमार्ग लगायतका अन्य क्षेत्रमा रहेका होटलहरुमा भेटिएको अखाद्य वस्तुको परिक्षणको लागि खाद्य निरिक्षकको उपस्थितिमा नियमानुसार नमुना संकलन गरी सम्वन्धित निकायमा नमुनाको गुणस्तर परिक्षण गर्न पठाउने ।
४) गुणस्तर परिक्षण गर्दा कैफियत भएमा प्रचलित ऐन र नियम अनुसार कारवाहीको लागि अनुगमन समितिको सदस्य सचिवले सिफारिस गर्ने ।
५) आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालय र जिल्ला सरकारी वकिल कार्यालय सँग समन्वय गरी प्रतिवदेन सार्वजनिक गर्ने ।
६) नमूनाको गुणस्तर परिक्षण गर्न लाग्ने सम्पूर्ण खर्च (ल्यावोरेटरी, राजश्व खर्च समेत) कार्यालयले उपलव्ध गराउने ।
७) अनुगमन टोलीको लागि कार्यालयको सवारी साधन प्रयोग गर्ने र खाजा खर्चको व्यवस्था कार्यालयले गर्ने ।
८) उक्त निर्देशिका २०७५ को दफा १५ को उपदफा ६ को हकमा भने संशोधन नभए सम्मका लागि दैनिक भत्ता रू ५००/- उपलब्ध गराउने ।
९) १६ कि.मि. भन्दा बढी दुरीमा अनुगमन गर्नु पर्ने भएमा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने ।

**२.७.२५.१४० जिल्लास्तरमा नियमित बजार/व्यापार/व्यवसाय अनुगमन (हप्तामा कम्तीमा एउटा वडा/बजार अनिवार्य)(अन्य)**

१) प्रचलित व्यापार, व्यवसाय सम्वन्धि कानून तथा प्रदेश स्तरीय सयुक्त बजार अनुगमन निर्देशिका २०७५ अनुसार अनुगमन गर्ने ।
२) हप्तामा कम्तीमा एउटा वडा/बजार को अनुगमन गर्ने ।
३) अनुगमनको प्रतिवेदन निर्देशनालयमा पेश गर्ने
४) मासिक खाधान्न वा उपजको मौज्दातको विवरण मन्त्रालय/निर्देशनालयमा पेश गर्ने ।

प्रदेश सचिव

५) अनुगमन टोलीको लागि कार्यालयको सवारी साधन प्रयोग गर्ने र खाजा खर्चको व्यवस्था कार्यालयले गर्ने ।

६) उक्त निर्देशिका २०७५ को दफा १५ को उपदफा ६ को हकमा भने संशोधन नभए सम्मका लागि दैनिक भत्ता रू ५००/- उपलब्ध गराउने ।

७) १६ कि.मि. भन्दा बढी दुरीमा अनुगमन गर्नु पर्ने भएमा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने ।

**२.७.२५.१४१ प्रदेशस्तरमा नियमित बजार/व्यापार/व्यवसाय अनुगमन (१५ दिनमा कम्तीमा एउटा जिल्लाको कुनै बजार अनिवार्य)(अन्य)**

१) प्रचलित व्यापार, व्यवसाय सम्वन्धि कानून तथा प्रदेश स्तरीय संयुक्त बजार अनुगमन निर्देशिका २०७५ अनुसार बजार अनुगमन कार्य योजना तयार गरी अनुगमन गर्ने वा आवश्यकता अनुसार जुनसुकै बेला गर्न सकिने ।

२) पाक्षिकरुपमा कम्तीमा एउटा वडा/बजार को अनुगमन गर्ने ।

३) अनुगमनको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने

४) मासिक खाद्यान्न वा उपजको मौज्दातको विवरण मन्त्रालय पेश गर्ने ।

५) अनुगमन टोलीको लागि निर्देशनालयको सवारी साधन प्रयोग गर्ने र खाजा खर्चको व्यवस्था निर्देशनालयले गर्ने ।

६) उक्त निर्देशिका २०७५ को दफा १५ को उपदफा ६ को हकमा भने संशोधन नभए सम्मका लागि दैनिक भत्ता रू ५००/- उपलब्ध गराउने ।

७) १६ कि.मि. भन्दा बढी दुरीमा अनुगमन गर्नु पर्ने भएमा भ्रमण खर्च नियमावली २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने ।

**२.७.२५.२३१ स्टाफ बैठकबाट वार्षिक कार्यक्रम कार्यान्वयन क्यालेन्डर निर्माण गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्ने (२०७८ साउन १५ गते भित्र) (अन्य) कार्यालयले स्विकृत कार्यक्रमको क्यालेण्डर तयार गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ । यो कार्यक्रममा खाजामा रकम खर्च गरिनेछ ।**

**२.७.२५.२३२ खाद्य वस्तु, तरकारी तथा फलफुलमा हुने विषादी सम्बन्धी सचेतनामुलक प्रचारप्रसार सामग्री उत्पादन तथा घरदैलोमा वितरण (कृषि बजार र पकेट क्षेत्रलाई प्राथमिकतामा राखी) (अन्य)**

१) खाद्य वस्तु, तरकारी तथा फलफुलमा हुने विषादी सम्बन्धी सचेतनामुलक प्रचारप्रसार सामग्री उत्पादन तथा घरदैलोमा वितरण गर्ने ।(अनिवार्य रुपमा प्रकाशन गरिने सामग्रीमा आर्थिक वर्ष खुल्ने गरी)

**२.७.२५.२३३ उपभोक्ता हक हित संरक्षणका लागि सार्वजनिक स्थान, पसल आदिमा फ्लेक्स प्रिन्ट स्टिकर राख्ने (अन्य)**

१) उपभोक्ता हक अधिकार संरक्षणका लागि प्रचार प्रसार सामाग्री उत्पादन गरी सार्वजनिक स्थान, पसल आदिमा वितरण गर्ने ।

२) उद्योग, वाणिज्य सम्वन्धि सूचना, प्रकाशन, प्रशारण, गोष्ठी वा अन्तरक्रिया गर्ने ।

प्रदेश सचिव

३) शैक्षिक संघ संस्थासँग समन्वय गरी उद्योग, वाणिज्य तथा उपभोक्ता हक हित सम्वन्धि सचेतना मूलक कार्यक्रम गर्ने ।

**२.७.२५.१९५ बजार अनुगमनबाट जफत गरिएको म्याद गुज्रेको तथा कमसल गुणस्तरका सामान डिस्पोजल व्यवस्थापन (अन्य)**

- बजार अनुगमनका क्रममा जफत भएका सामाग्रीहरु ढुवानी गरी नष्ट गरिने ठाउँसम्मको यातायात खर्च, खाल्डो खन्ने र पुर्ने खर्च र उपस्थित प्रतिनिधिको खाजा खर्च प्रचलित नियमानुसार यस शिर्षकवाट गर्न सकिनेछ ।

**२.७.२५.२३४ नदिजन्य पदार्थमा आधारित उद्योगहरुको संयुक्त अनुगमन (अन्य)**

१) जिल्लामा सञ्चालित नदिजन्य पदार्थमा आधारित उद्योगहरुको अनुगमन आवश्यकता अनुसार कार्यालय/तोकिएको समितिले गर्ने

२) अनुगमनको प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्ने

३) प्रदेश भ्रमण खर्च नियमावली, २०७७ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने

**2.7.2७.५४ प्रदेश स्तरीय महिला उद्यमी सम्मेलन र उपज प्रदर्शनी २ दिने (मेला आयोजना तथा दिवस)**

मन्त्रालयले तयार गरेको मेला महोत्सब संचालन सम्वन्धि कार्यविधि २०७६ (संशोधन सहित) अनुसार सञ्चालन गरिनेछ ।

**2.६.४.७६ वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूचीको अभिमुखीकरण तालिम (उद्यमशीलता, रोजगारीमूलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)**

१) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून र वातावरणीय अध्ययन प्रतिवेदन तथा कार्यसूची सम्बन्धि कार्यमा संलग्न हुने कर्मचारीहरुको क्षमता विकास गर्न अभिमुखीकरण तालिम सञ्चालन गर्ने

२) यस कार्यक्रममा लाग्ने खर्च नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको कार्यसञ्चालन निर्देशिका अनुसार गर्ने ।

**२.७.२५.१४४ कार्यक्रम सञ्चालन खर्च(अन्य)**

- स्वीकृत बजेटमा उल्लेख भएका कार्यक्रमहरुको सहज कार्यान्वयनका लागि प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ ।
- स्वीकृत उद्योग विकास कार्यक्रम र बजार अनुगमन कार्यक्रम कार्यान्वयन गर्दा हुने विविध चालु प्रकृतिका खर्चहरु (स्थलगत अनुगमन मूल्यांकन, समितिको बैठकमा हुने खर्च, तथा अन्य फुटकर खर्चहरु लगायत) यस शिर्षकवाट गर्न सकिनेछ ।

प्रदेश सचिव

# परिच्छेद ३

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## विविध

१) तेस्रो चौमासिकमा हुने खर्चको चापलाई न्यूनिकरण वा कम गर्न आवश्यकता अनुसार स्वीकृत कार्यक्रमहरु अघिल्लो चौमासिकमा नै सम्पन्न भएमा बाधा नपर्ने ।

२) कार्यक्रम पेश्की बैशाख/जेष्ठ मसान्त भन्दा पछाडि दिइने छैन। सो समय सिमा भन्दा पछि पेश्की दिनुपरेमा मन्त्रालयको सचिवज्यूको सहमति लिएर मात्र दिन सकिनेछ ।

३) सबै योजना, कार्यक्रम वा परियोजनाको मासिक प्रतिवेदन हरेक महिनाको ७ गते भित्र, चौमासिक प्रतिवेदन महिनाको ७ गते भित्र मन्त्रलय तथा निर्देशनालयमा प्रगति विवरण पठाउनुपर्ने ।

४) सार्वजनिक निर्माणका सबै कार्यको GPS Location अनिवार्य रुपमा संकलन गर्नु पर्नेछ ।

५) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकाय वा कार्यालयहरु द्धारा सम्पादित सवै सार्वजनिक निर्माण कार्यको सार्वजनिक सुनुवाइ, होडिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

६) बाधा अड्काउ फुकाउः यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले यो कार्यविधि प्रतिकुल नहुने गरी बाधा अड्काउ फुकाउन सकिनेछ ।

७) प्रचलित कानून बमोजिम हुनेः यो कार्यविधिमा गरिएको कुनै व्यवस्था बाँझिएमा बाँझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।

८) संघीय ऐन, नियम, कार्यविधि, निर्देशिका, नर्मस् प्रयोग गर्नेः यस कार्यविधिमा उल्लेख नभएका तर प्रादेशिक उल्लेखित कानूनी आधारहरु तयार नभएसम्मको लागी संघीय कानूनमा उल्लेख भएका प्रावधानहरु बमोजिम कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

९) यो निर्देशिका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा अन्तरगतका निकाय वा कार्यालयहरु वा मन्त्रालयको कार्यसम्पादन गर्न सम्झौता भएका निकाय समेतलाई लागु हुनेछ ।

१०) सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४, प्रदेश सार्वजनिक खरिद नियमावलि २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, प्रदेश भ्रमण खर्च नियमावली, २०७७ अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७५ प्रदेश आर्थिक कार्यविधी ऐन,२०७४ र नियमावली,२०७६ सहित प्रचलित कानुनले तोकेको परिधि भित्र रहि कार्यक्रम तथा वजेट कार्यान्वयन गरिनेछ ।

११) जिल्लास्थित कार्यालयहरुले स्थानीय तह तथा सरोकारवाला निकायहरुसँगको समन्वयमा स्थानीयस्तरमा संचालित कृयाकलापहरुको संयुक्त अनुगमन निरिक्षण गरी सो को प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्ने छ

१२) सम्वन्धित स्थानिय तह तथा जिल्ला समन्वय समितिले समेत अनुगमन गर्न सक्नेछ ।

१३) सवै योजना कार्यक्रम वा परियोजनाको मासिक प्रतिवेदन (हरेक महिनाको ७ गते भित्र), चौमासिक प्रतिवेदन(महिनाको ७ गते भित्र) मन्त्रालय तथा निर्देशनालयमा प्रगति विवरण पठाउनुपर्नेछ ।

प्रदेश सचिव